चक्रघट्टा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : २ | संख्या : १४ | मिति: २०८०/०३/३०

## भाग-२

चक्रघट्टा गाउँपालिकाद्वारा प्रकाशित

# चक्रघट्टा गाउँपालिकामा ब्याकहोई लोडर संचालन कार्यविधि, २०८०

**प्रस्तावना**

चक्रघट्टा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चक्रघट्टाले खरिद गरेको ब्याक्हो लोडर विभिन्न व्यक्ति, समूह, समिति, संस्था र निकायलाई भाडामा उपलब्ध गराउँदा अवलम्बन गर्नुपर्ने विधि र प्रक्रियालाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि चक्रघट्टा गाउँ सभाको मिति २०८०/०३/३० को बैठकले पारित गरी चक्रघट्टा गाउँपालिकाको ब्याक होई लोडर संचालन कार्यविधि २०८० लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम : **"चक्रघट्टा गाउँपालिकमा ब्याक होई लोडर संचालन कार्यविधि, २०८०"** रहेको छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यविधि" भन्नाले **"चक्रघट्टा गाउँपालिकमा ब्याक होई लोडर संचालन कार्यविधि, २०८०"** बुझ्नुपर्छ ।

ख) "गाउँपालिका" भन्नाले चक्रघट्टा गाउँपालिका बुझ्नुपर्छ।

ग) "कार्यालय" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय चक्रघट्टा बुझ्नुपर्छ।

घ) "ब्याक्होई लोडर" भन्नाले विकास निर्माण सम्बन्धी काम गर्न प्रयोग गरिने गाउँपालिकाको स्वामित्वमा रहेको मेशीनरी उपकरणलाई जनाउँछ।

**३. कार्यविधिको उद्देश्य:**

यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

क) गाउँपालिकाको स्वामित्वमा रहेको ब्याक्होई लोडरलाई सदुपयोग गर्न सघाउ पुर्‍याउने।

ख) गाउँपालिकाको ब्याक्होई लोडरलाई मितव्ययी पारदर्शी तरिकाले सञ्चालन गरी गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने तथा जनतालाई सुलभ र गुणस्तरीय सेवा दिई गाउँपालिका प्रति जनताको अपनत्व वृद्धि गर्ने ।

ग) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित र वित्तिय कुशलता हासिल गर्न सघाउ पुर्‍याउने।

घ) गाउँपालिकाको संस्थागत क्षमता विकास, आयोजना व्यवस्थापन र वित्तिय अनुशासन कायम गर्ने।

ङ) ब्याक्होई लोडर संचालन तथा व्यवस्थापन समितिलाई उल्लेखित साधनहरु प्रति अझ बढी जिम्मेवार र उत्तरदायी बनाउने ।

च) ब्याकहोई लोडरलाई कुशलता पूर्वक संचालन गरी दीर्घकालिन रुपमा प्रयोगमा ल्याउने ।

**४.ब्याक्होई लोडर प्रयोगको क्षेत्र र प्राथमिकताक्रमः**

क) ब्याकहोई लोडर प्राकृतिक प्रकोप, फोहरमैला व्यवस्थापन तथा विकास निर्माण सम्बन्धी कार्यका साथै तोकिएको भाडादरमा समेत प्रयोग गरिनेछ ।

ख) गाउँपालिकाको स्वामित्वमा रहेको ब्याक्होई लोडर प्रयोग गर्न उपलब्ध गराउँदा देहायको प्राथमिकता बमोजिम गरिने छ :-

अ) दैवी/प्राकृतिक प्रकोप उद्धारको कार्य,

आ) गाउँपालिका क्षेत्रमा गाउँपालिकाबाट संचालन भएका विकासका आयोजनाहरुको कार्य,

इ) गाउँपालिका क्षेत्रमा उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका विकास आयोजनाको कार्य, (तोकिएको भाडादरमा)

ई) गाउँपालिका क्षेत्रभित्र सरकारी, गैर सरकारी क्षेत्रबाट संचालित विकास आयोजनामा सम्बन्धित कार्यमा गाउँपालिका क्षेत्रका अन्य व्यवसायी, निर्माण कर्मीहरुलाई भाडामा दिने कार्य,

उ) गाउँपालिका क्षेत्र बाहिर सर्लाही जिल्लाभित्र संचालित विकास निर्माण सम्बन्धीत कार्यका लागि विभिन्न निर्माण व्यवसायी, व्यक्ति, समुह समिति वा संस्थालाई भाडामा दिने कार्य ।

**५.ब्याक्होई लोडर संचालनका लागि जनशक्ति व्यवस्थाः**

क) ब्याक्होई लोडर संचालन गर्नका लागि एक जना हेभी सवारी चालक र एक जना ब्याक्होई लोडर सहयोगीको व्यवस्था गरिनेछ ।

ख) ब्याक्होई लोडर चालक र सहयोगीको पारिश्रमिक तथा सुविधा गाउँ कार्यपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

ग) ब्याक्होई लोडर चालक र सहयोगीको सेवा करारमा लिइनेछ ।

ैक्हो लोडरको संचालनबाट प्राप्त आम्दानीको आधारमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम थप प्रोत्साहनको व्यवस्था गर्न सकिनेछ ।

**६.ब्याक्होई लोडरको भाडा र दर निर्धारणः गाउँपालिकाको ब्याक्हो लोडरको भाडा दर प्रति घण्टा रु.२०००(दुई हजार) हुनेछ ।**

**७.ब्याक्होई लोडर भाडामा दिदा अपाउनुपर्ने कार्यविधिः**

क) भाडामा लिन चाहने व्यक्ति, संघ, संस्था, उपभोक्ता समिति, फर्म तथा कम्पनीको प्रोप्राईटरले गाउँसभा वा गाउँ कार्यपालिकाबाट स्वीकृत दररेटमा अग्रीम रुपमा रकम गाउँपालिकामा नगदै जम्मा गरेको धरौटी रसिद वा गाउँपालिकाको नाममा नगदै वा चक्रघट्टा गाउँपालिकाले तोकिदिएको बैंकको खातामा तोकिएको समय अनुसारको रकम जम्मा गरेको बैंक भौचर सहित गाउँपालिका कार्यालय समक्ष निवेदन दिनुपर्नेछ । तर गाउँपालिकाद्धारा गठन भएका उपभोक्ता समितिहरुको हकमा यो दफा लागु हुनेछैन ।

ख)कार्यालयको अनुमति नलिई चालकले कार्य प्रक्रिया अगाडी बढाएमा चालकबाटै सरकारी बाँकी सरह असुल उपर गरी चालकलाई विभागीय कारवाही गरिनेछ ।

ग) ब्याक्होई लोडर भाडामा लिन चाहने व्यक्ति संस्था, फर्म, उपभोक्ता समिति, कम्पनी वा प्रोप्राईटरले भाडामा लिँदा, भाडा चक्रघट्टा गाउँपालिकाको कार्यालय वा ब्याक्होई लोडर रहेकै स्थानबाट भाडादर गणना गरिनेछ ।

घ) यदि गाउँपालिकाको कोषबाटै हुने विकास निर्माण कार्यको हकमा व्यक्ति, संस्था, फर्म कम्पनी, उपभोक्ता समितिले कार्य संचालन गर्दा गाउँपालिकाले निजको बिलबाट कट्टा हुने गरी तोकिएको भाडादरमा ब्याक्होई लोडर उपलब्ध गराउन सक्नेछ । तर अग्रीम नगदै वा बैंक जम्मा गर्ने व्यक्ति फर्म, संस्था, कम्पनी, निर्माण व्यवसायी वा उपभोक्ता समितिलाई विशेष प्राथमिकता दिईनेछ ।

ङ) चालकले प्रत्येक घण्टाको लगबुक तयार गर्नु पर्नेछ । कार्य स्थलमा काम गर्दा बढी रकम गरी कम काम देखाई वा तोकिएको भन्दा बढी काम गरी कुनै तरिकाले कुनै कर्मचारी तथा पदाधिकारी, व्यक्ति, संस्था, निर्माण व्यवसायी वा उपभोक्ता समितिको यस कार्यविधिको भावना र मर्म विपरीत हुने गरी प्रलोभन, मोलहिजा, भनसुन तथा कसैको डर, धाक धम्कीमा परी कसैलाई संचालन गर्न दिए हानी नोक्सानी भएको रकम चालकबाटै अशुल उपर गरी उल्लेखित कार्यलाई गम्भिर अपराध मानी प्रचलित कानून बमोजिम निजलाई कारवाही गरिनेछ ।

च)गाउँपालिकाको ब्याक्होई लोडरको अनिवार्य रुपमा बिमा बनाउनु पर्नेछ ।

ण) ब्याकहोई लोडर संचालन पश्चात उठेको रकम समितिको सचिवले अभिलेख राखी आय व्यय विवरण तयार पारेर एकम’ष्ठ रुपमा आर्थिक वर्षको अन्त्यसम्म  गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा गर्न पर्नेछ ।

**८. ब्याक्होई लोडरको व्यवस्थापन र संचालन वापत तपसिल बमोजिमको शिर्षकमा खर्च गर्न सकिनेछ ।**

क) सवारी चालक र सहयोगीलाई दिइने तोकिए अनुसारको तलब भत्ता रकम ।

ख) इन्धन खर्च ।

ग) मेशिनरी औजार उपकरण पाटपूर्जाको मर्मत तथा खरिद खर्च ।

घ) मेशिन संचालन गरेबापत नेपाल सरकारलाई तिर्नुपर्ने कर रकम ।

ङ) ब्याक्होई लोडर सञ्चालन तथा व्यवस्थापन समितिको बैठक बस्दा भएको चिया नास्ता खर्च।

च) गाउँ कार्यपालिकाले निर्णय गरे अनुसारका अन्य शिर्षकहरुमा खर्च हुने रकम ।

छ) मेसिन संचालन गर्दा आईपर्ने विविध तथा भैपरी खर्च ।

**९. ब्याक्होई लोडर व्यवस्थापन तथा संचालन :**

क) ब्याक्होई लोडर व्यवस्थापन तथा संचालन कोषको सञ्चालन प्रचलित कानून बमोजिम गरिनेछ

ख) ब्याक्होई लोडर संचालन तथा व्यवस्थापन कोषको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गाउँपालिकाको लेखा परीक्षण सँगै गराउनु पर्नेछ ।

**१०. ब्याक्होई लोडरको व्यवस्थापन र संचालनका समितिको गठन**

ब्याक्होई लोडरको संचालन र व्यवस्थापनका लागि देहाय बमोजिम एक ब्याक्होई लोडर तथा संचालन समिति हुनेछ :-

| | | |
|---|---|---|
| क) | गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ग) | प्राविधिक प्रमुख | सदस्य |
| घ) | राजश्व प्रमुख | सदस्य |
| ङ) | जिन्सी प्रमुख | सदस्य सचिव |

११. **ब्याक्होई लोडर व्यवस्थापन तथा संचालन समितिको काम, कर्तव्य र अधिकार**

क) भाडामा संचालन हुने सवारी साधनहरुको माथी उल्लेखित प्रावधानहरुको परिधि भित्र व्यक्ति, संस्था, निर्माण व्यवसायी, उपभोक्ता समितिहरुलाई भाडामा सवारी साधनलाई उपलब्ध गराउने ।

ख) बैठकको गणपुरक संख्या दुई तिहाई हुनेछ । बहुमत सदस्यको निर्णय मान्य हुनेछ ।

१२. **कार्यविधिको पालना :**

गाउँपालिकाले यस कार्यविधिको प्रावधानहरुको अतिरिक्त बजेट अख्तियारमा तोकिएका शर्तहरु, गाउँ कार्यपालिका तथा गाउँ सभाबाट गरिएको निर्णयहरुको समेत पालना गर्नु गराउनु पर्नेछ ।

१३. **थपघट वा हेरफेर गर्न सक्ने :**

यस कार्यविधिका कार्यान्वयनका शिलशिलामा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

१४. **संशोधन, खारेजी र बचाऊ :**

क) यस कार्यविधिमा उल्लेखित कुराहरुमा छुट हुन गई कुनै कुरा थपघट वा हटाउन वा परिमार्जन गर्न परेमा गाउँ कार्यपालिका र गाउँ सभाले मात्र गर्न सक्नेछ ।

ख) यस कार्यविधिमा उल्लेख गरिएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरुका हकमा गाउँ कार्यपालिका तथा गाउँ सभाको निर्णय बमोजिम हुनेछ ।

**गाउँ सभाबाट स्वीकृत मिति :– २०८०/०३/३० गते**

आज्ञाले,<br>
संजिव कुमार यादव<br>
प्रमुख प्रशासकीय अधिकृत